माथागढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
Mathagadhi Rural Municipality
Office of the Rural Municipal Executive

झडेवा, पाल्पा
Jhadewa, Palpa
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal
Email: mathagadhimun@gmail.com
info@mathagadhimun.gov.np
Website: www.mathagadhi.gov.np

चलानी नं. :
पत्र संख्या : ०८१/०८२

## पशुपंक्षी सेवा कार्यक्रमको प्रस्ताव आह्वान सम्बन्धी सूचना !

सूचना नं.४० ।२०८२।०८३ प्रथक पटक प्रकाशित मिति : २०८२।०७।१३

प्रस्तुत विषयमा यस माथागढी गाउँपालिकाको आ.व. २०८२।०८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत तपसिलका कार्यक्रम गर्नुपर्ने भएकोले "**दोस्रो पटक संशोधन पशुपंक्षी तथा मत्स्य विकास कार्यक्रम संचालन कार्यविधि-२०८२**" अनुसार माथागढी गाउँपालिका भित्रका इच्छुक पशुपालक कृषक समूह, नीजि फर्म/सहकारी र व्यवसायिक कृषकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस गाउँपालिकाको पशुसेवा शाखा वा सम्बन्धित वडा कार्यालयमा तपसिलका कागजातहरु साथ आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगेको वा म्याद नाघि आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत अनुरोध छ ।

**तपसिल :**

| क्र.सं. | कार्यक्रम | मापदण्ड | क्रियाकलाप | अनुदान सीमा |
|---|---|---|---|---|
| १ | प्राकृतिक नश्ल सुधार-बजेट रु.२ लाख | • निजि उद्यमी/फार्मको हकमा<br>- कम्तिमा बाखा संख्या १० वटा<br>- कम्तिमा बंगुर संख्या ३ वटा<br>- कम्तिमा भैंसीको संख्या ३ वटा<br>• समुहको हकमा प्रति कृषक<br>- कम्तिमा बाखा संख्या ५ वटा<br>- कम्तिमा बंगुर संख्या २ वटा<br>- कम्तिमा भैंसीको संख्या २ वटा | • उन्नत जातको नश्ल खरिद गर्दा दर्तावाला फार्म, जातिय गुण भएको विश्वासिलो फार्मबाट प्रचलित आर्थिक ऐन अनुसार खरिद गर्नुपर्नेछ । | • ७५% अनुदान<br>• अधिकतम ठुलो पशुको हकमा ४५ हजार<br>• सानो पशुको हकमा २० हजार |
| २ | एक वडा एक पशुपंक्षी फार्म विस्तार कार्यक्रम-४ लाख | • कम्तिमा बाखा संख्या १५-२० वटा<br>• कम्तिमा बंगुर संख्या ५ वटा<br>• कम्तिमा गाई/भैंसीको संख्या ३-५ वटा<br>• फार्म विस्तारको लागि जग्गा आफ्नो स्वामित्व हुनुपर्ने वा लिजमा लिएको भए कम्तिमा १० वर्षको सम्झौता हुनुपर्ने । | • खोर निर्माणको लागि आवश्यक पर्ने सम्पुर्ण सामग्रीहरु खरिद गर्ने<br>• फार्मका लागि आवश्यक पर्ने औजार उपकरण खरिद गर्ने<br>• नश्ल सुधारका लागि उन्नत पशु खरिद | • खोर निर्माण तथा औजार उपकरणमा ५०% अनुदान<br>• नश्ल सुधारमा ७५% अनुदान<br>• प्रति योजना अधिकतम रु. २ लाख |
| ३ | माछा प्रवर्द्धन कार्यक्रम-२ लाख | • पानीको स्थायी श्रोत भएको<br>• कम्तिमा १ रोपनी जलाशय क्षेत्रफल कायम हुने गरी नयाँ पोखरी निर्माण गर्नुपर्नेछ ।<br>• पोखरी निर्माण गरिने जग्गा आफ्नो स्वामित्व हुनुपर्ने वा लिजमा लिएको भए कम्तिमा १० वर्षको सम्झौता हुनुपर्ने ।<br>• पोखरीको गहिराई कम्तिमा १.२ मिटर हुनुपर्ने | • कार्यालयले उपलब्ध गराएको लेआउट तथा डिजाईन अनुसार आवेदनकले नयाँ पोखरी निर्माण गर्नुपर्नेछ । | • ५०% अनुदान<br>• प्रति योजना अधिकतम रु.१ लाख |



प्रमुख प्रशासकीय अधिकृत

माथागढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
Mathagadhi Rural Municipality
Office of the Rural Municipal Executive

झडेवा, पाल्पा
Jhadewa, Palpa
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal
Email: mathagadhimun@gmail.com
info@mathagadhimun.gov.np
Website: www.mathagadhi.gov.np

चलानी नं. :
पत्र संख्या : ०८१/०८२

**व्यवसायिक कार्ययोजना पेश गर्दा संलग्न हुनु पर्ने कागजातहरु**

१. अनुसूची-२ बमोजिम व्यक्तिगत निवेदन ।
२. अनुसूची-४ बमोजिम कार्ययोजनाको ढाँचा
३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
४. सम्बन्धित वडा कार्यालयको सिफारिस ।
५. दर्तावाला फार्मको हकमा प्रमाणपत्रको प्रतिलिपि ।
६. समूह/सहकारीको हकमा प्रमाणपत्र र निर्णय माईनुटको प्रतिलिपि ।
७. पशु संख्या स्थलगत रुपमा कृषि/पशु सेवा प्राविधिकबाट निरीक्षण भई गरिएको प्रमाणित ।

**पुनश्च : थप जानकारीको लागि पशुपंक्षी सेवा शाखा, ९८६७२४३४६७, ९८४४३७२६८९ मा सम्पर्क गर्न सक्नुहुनेछ ।**

२०८१/०४/१२

सुन्दर प्रसाद श्रेष्ठ
(प्रमुख प्रशासकीय अधिकृत)